# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ संख्या : ३ असोज १४, २०७९

## भाग-३

## <u>सूचना</u>

गु मीदरबार गाउँपालकिा गाउँ कार्यपालकिाको मिति २०७९-०६-१४ गते बसेको गाउँ कार्यपालकिा बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९ आश्विन १४ गतेको तेस्रो कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा
२. ०७९ सालको बडा दशै, शुभ दिपावली, नेपाल संवत् तथा छठ पर्वको अवसरमा सामाजिक सद्भाव कायम गरी मनाउन नागरिकलाई आग्रह गर्ने सम्बन्धमा
३. आ.व. ०७८/०७८ को अन्तिम लेखा परिक्षणको जानकारी
४. लेखा परिक्षणबाट औल्याईएका बेरुजुहरुलाई तोकिएको सममै सम्परिक्षणको लागि ११ औं गाउँसभा आव्हान सम्बन्धमा
५. कार्यालयबाट सम्पादन भएका कृयाकलापहरुको जानाकारी सम्बन्धमा
६. खाता संचालन सम्बन्धमा
७. अन्य विविध

**मिति २०७९।०६।१४ गतेको तेस्रो कार्यपालिकाको बैठकको निर्णयहरु**

| निर्णय नं. | निर्णय |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | २०७९ सालको बडा दशैं, शुभ दिपावली, नेपाल संवत् तथा छठ पर्वको अवसरमा सामाजिक सद्भाव कायम गरी मनाउन नागरिकलाई आग्रह गर्ने । |
| ३. | प्रमुख प्रशासकीय अधिकृत मार्फत आ.व. ०७८/०७९ को अन्तिम लेखा परिक्षणबाट औंल्याईएका बेरुजुको दफाबार छलफल तथा जानकारी प्राप्त भयो । |
| ४. | आ.व. ०७८/०७९ को अन्तिम लेखा परिक्षण हुँदा गाउँसभाबाट पारित भएका विभिन्न कार्यक्रम र योजनाहरु गाउँ कार्यपालिकाको कार्यालयबाट वास्तिक रुपमा प्रभावकारी रुपमा सम्पादन गर्ने क्रममा औंल्याईएका बेरुजुहरुलाई सम्परीक्षण गर्न गुल्मीदरबार गाउँपालिकाको ११ औं गाउँसभा मिति २०७९।०७।०१ गते आव्हान गर्ने । |
| ५. | प्रमुख प्रशासकीय अधिकृत एवं कार्यपालिका सचिव श्री लक्ष्मण पाण्डेय मार्फत कार्यालयबाट सम्पादन भएका कृयाकलापहरुको बैठकमा जानाकारी एवं छलफल भयो । |
| ६. | यस कार्यालयका लेखा प्रमुख, अधिकृत छैठौं लेखाका श्री भविष्य अर्याल रमाना भई ललितपुर महानगरपालिकामा जानु भएकोले लेखा सम्बन्धी कामकाज गर्ने कर्मचारी नभएको हुँदा लेखा सम्बन्धी कामकाज गर्ने कर्मचारीको अर्को व्यवस्था नहुँदा सम्मको लागि यस कार्यालयका आ.ले.प. सहायक पाँचौ तहका श्री टेकराज गिरीलाई आर्थिक प्रशासन शाखाको जिम्मेवारी दिई खाता संचालन गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय गुल्मीलाई अनुरोध गर्ने तथा निजले गर्दै आईरहेको आन्तरिक लेखा परिक्षण सम्बन्धी कार्य कोष तथा लेखा नियन्त्रक कार्यालय गुल्मीबाट सम्पादन गर्नेगरी व्यवस्था मिलाउन अनुरोध गर्ने । |
| ७. | विभिन्न निकायहरुबाट प्राप्त परिपत्र एवं निर्देशनहरु बैठकमा प्रस्तुत भई छलफल भयो । परिपत्र तथा निर्देशनानुसार कार्य सम्पादन गर्ने गराउने । |